"स्वच्छ सुन्दर र समुन्नतशहर, सर्लाहीको शानलालबन्दीनगर"

# लालबन्दी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

प.सं. :- २०८०/८१
च.नं. :- १२५१

मिति : २०८०।१०।२५

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै
लालबन्दी नगरपालिका, सर्लाही

विषय : IEMIS विवरण प्रविष्ट गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८० मा कक्षा ८ को परीक्षामा सहभागी हुने विद्यार्थीको विवरण अध्यावधिक गर्ने सम्वन्धमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रले हालै विद्यालय तहको Excel – based IEMIS लाई केही परिमार्जन संगै Web Based बनाई २०८० कार्तिक पछिको तथ्याङ्क पुन प्रविष्ट गर्न अनुरोध गरेको हुँदा देहायअनुसार गर्नुहुन अनुरोध छ ।

१) सर्वप्रथम Webside मा emis.cehrd.gov.np मा गई User name मा आफ्नो विद्यालयको IEMIS CODE र पासवर्डमा Nepal@123 राखी लग इन गर्ने । Web page खुलेपछि त्यो पासवोर्डलाई Old password मानी नयाँ password राखी पुनः लग इन गर्ने । Dashbord खुल्छ ।

२) कक्षा ८ को विद्यार्थी विवरण सच्चाउनको लागि Student Record अन्तर्गत Student Information मा Click गर्ने, Year 2080 र Class 8 select गरी Load मा Click गर्ने , सबै विद्यार्थी विवरण देखिन्छ । विवरण अनिवार्य रुपमा जन्मदर्तासंग मिल्नुपर्छ । सच्चाउनु पर्ने अवस्था छ भने Action अन्तर्गत Edit मा Click गरी सच्याउन सकिन्छ । कुनै विद्यार्थी अर्को विद्यालयमा गएको छ भने Transfor मा , पढाइ नै छाडेको भए Not in school र कुनै विद्यार्थी छुटेको भए Add Student मा Click गरी थप्न सकिन्छ । विद्यार्थीको फोटो पनि Upload गर्न मिल्ने हुँदा Add Student मा तलपट्टी Upload Photo भन्ने Option मा विद्यार्थीको Photo राखि Add गरिसकेपछि Application Form, Admit Card र ID Card मा समेत विद्यार्थीको फोटो सहित आउने हुँदा पछि फोटो टासिरहनु पर्दैन । अन्य कक्षाको विवरण पनि यसै गरी क्रमश सच्चाउनु पर्दछ ।

३) सबै विद्यार्थीको विवरण सच्याइसकेपछी Manage Exam अन्तर्गत Application Form र Admit Card पनि print गरी निकाल्न सकिन्छ ।

४) नँया IEMIS को Dashboard मा देखिने Teacher Staff, SMC लगायतको सम्पुर्ण विवरण अनिवार्य हालको अभिलेख अनुसार अध्यावधिक गर्नुपर्नेछ ।

५) माथि उल्लिखित विवरण अध्यावधिक गरिसकेपछि मात्र कक्षा ८ को परीक्षा सम्वन्धी प्रक्रिया अगाडि बढाइने छ ।